# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, पुस ५ गते, २०७५ साल संख्या ६


**भाग २**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगर कार्यपालिकाको मिति २०७५।६।२ मा बसेको कार्यपालिका बैठकबाट पारित भएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन

## कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५

प्रस्तावना : भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नगरबासीहरु मध्ये कडा रोगले ग्रस्त भई उपचाररत भएको अवस्थामा निजहरुलाई राहत स्वरुप स्वास्थ्य उपचार अनुदान दिन वाञ्छित हुँदा सोका लागि यो निर्देशिका बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र परिभाषा :**

१.१. संक्षिप्त नामः यो निर्देशिकाको नाम कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५ हुनेछ ।

१.२. ''कडा रोग'' भन्नाले क्यान्सर रोग लागेर किमो वा रेडियोथेरापी गराई रहेको अवस्था, मुटु सम्बन्धी रोग लागेर एनजिओप्लास्टी गर्नेदेखि मुटु सम्बन्धी अपरेसन गर्नुपर्ने अवस्था, मृगौलासम्बन्धी रोग लागि मृगौला फेर्न अपरेशन गर्नुपर्ने अवस्था वा मृगौला फेल भई डायलाइसिस गराईरहेको अवस्था र मस्तिष्कघात रोग भन्ने बुझ्नु पर्नेछ ।

१.३. ''अनुदान" भन्नाले भक्तपुर नगरपालिकाले कडा रोग लागेका बिरामीहरूलाई दिइने आर्थिक सहयोगलाई बुझाउनेछ ।

१.४. ''अनुदानग्राही" भन्नाले भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने कडा रोग लागेका नगरबासीलाई सम्झनु पर्छ ।

१.५. ''निर्देशिका" भन्नाले भक्तपुर नगरपालिकाको कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५ सम्झनु पर्छ ।

१.६. ''डायलाइसिस" भन्नाले मृगौला रोग लागेका बिरामीलाई अस्पतालबाट प्रदान गरिने हेमोडायलाइसिस र पेरिटोनियल डायलाइसिस उपचार सेवालाई बुझ्नु पर्दछ ।

१.७. ''आर्थिक प्रशासन शाखा" भन्नाले भक्तपुर नगरपालिकाको आर्थिक प्रशासन शाखा सम्झनु पर्दछ ।

**२. कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी व्यवस्थाः**

२.१. यस निर्देशिकाको दफा १.४. अनुसारका अनुदानग्राहीहरुलाई एक रोगको लागि एक पटक मात्र रु. १०,०००।- अक्षेरेपी दश हजार रुपैयाँ स्वास्थ्य उपचार अनुदान देहायबमोजिम उपलब्ध गराइनेछ ।

क. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फबाट नजिकका नातेदारले भक्तपुर नगरपालिकाबाट स्वास्थ्य उपचार अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिनुपर्नेछ ।

ख. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फबाट नजिकका नातेदारले भक्तपुर नगरपालिकाबाट स्वास्थ्य उपचार अनुदान प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्बन्धित भक्तपुर नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

ग. दफा २.१.ख. बमोजिमको कागजहरु पूरा भएको अवस्थामा नगर प्रमुखबाट स्वास्थ्य उपचार अनुदानको लागि आर्थिक प्रशासनलाई तोक आदेश हुनेछ ।

घ. दफा २.१.ग. बमोजिम नगर प्रमुखबाट तोक आदेश भएपछि आर्थिक प्रशासन शाखाले सम्बन्धित अनुदानग्राहीलाई स्वास्थ्य उपचार अनुदान उपलब्ध गराइनेछ ।

ङ. दफा २.१.घ. बमोजिम उपलब्ध गराईएको अनुदान रकम भक्तपुर नगर कार्यपालिका बैठकबाट अनुमोदन गरिनेछ ।

# अनुसूची १
## स्वास्थ्य उपचार अनुदान माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

मिति : ..........................

श्रीमान् वडाध्यक्षज्यू,
..... नं. वडा कार्यालय
भक्तपुर नगरपालिका ।

विषय : सिफारिस पाउँ ।

उपरोक्त सम्बन्धमा भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ........ बस्ने म निवेदक/मेरो .......................................... लाई कडा रोग .......................................... लागि हाल ............................. अस्पतालमा उपचार गराई रहेको हुंदा ''भक्तपुर नगरपालिकाको कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५" को दफा १.२. बमोजिम उपलब्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन भक्तपुर नगरपालिकाको नाममा सिफारिस पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ साथ संलग्न कागजातहरु**

क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ग) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजको प्रतिलिपि

निवेदक
नाम, थर :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं. :

## अनुसूची २

## स्वास्थ्य उपचार अनुदान माग गर्न नगरपालिकामा पेश गर्ने निवेदन

मिति : ..........................

श्रीमान् प्रमुखज्यू,
नगरकार्यपालिकाको कार्यालय,
भक्तपुर नगरपालिका ।

विषय : स्वास्थ्य उपचार अनुदान पाउँ ।

उपरोक्त सम्बन्धमा भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ........ बस्ने म निवेदक/मेरो ......................................... लाई कडा रोग ......................................... लागि हाल ............................ अस्पतालमा उपचार गराई रहेको हुंदा "भक्तपुर नगरपालिकाको कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५" को दफा १.२. बमोजिम उपलब्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन सम्बन्धित वड कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ साथ संलग्न कागजातहरु**

क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ग) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
घ) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजको प्रतिलिपि

निवेदक
नाम, थर :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं.:

आज्ञाले
(रोहित राज पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५।६।१७ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८